# विपद् जोखिम न्यूनीकरण गर्न पूर्वतयारीमा जोड

**काठमाडौं, बैशाख १०**

प्रभाव पूर्वानुमानमा आधारित पूर्वकार्य तथा विपद् उत्तरदायी सामाजिक सुरक्षामाथि विभिन्न संघीय मन्त्रालय तथा विभाग, स्थानीय तह एवं मानवीय क्षेत्रमा काम गर्ने विभिन्न संघ/संस्थाहरु सम्मिलित दुई दिने राष्ट्रिय संवाद सम्पन्न भएको छ ।

संवादका क्रममा वैज्ञानिक पूर्वानुमानहरुको प्रभावकारी एवं कुशल प्रयोग गरी बाढी, सुख्खा तथा अन्य सख्त मौसमी गतिविधिको विश्वसनीय पूर्व-चेतावनीमार्फत् जीवन र जीविकोपार्जनको रक्षा गर्न पूर्वतयारीमा जोड दिनुपर्ने समझदारी बनेको छ ।




विपद्सम्बद्ध नीति तथा कार्यविधिमा समावेश गर्ने विषयवस्तुमा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आयोजित संवादमा विभिन्न व्यक्तिगत तथा समूहगत प्रस्तुति, प्यानल छलफल, मुख्य टिप्पणी, समूहगत छलफल लगायतका सत्रहरु संचालन भएका थिए ।

समग्र कार्यक्रमको उद्देश्य र अपेक्षित सुझावहरुबारे धारणा राख्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरलले पूर्वानुमानमा आधारित पूर्व चेतावनी प्रणाली, विपद् संवेदनशील सामाजिक सुरक्षालगायतका पूर्वतयारीका विभिन्न पक्षहरुमा काम भइरहेको जानकारी दिनुभयो । विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जिम्मेवार सबै सरकारी निकाय एवं सरोकारवालाबीच पूर्वतयारीबारे समान बुझाइको विकास गर्नुपर्ने आवश्यतामाथि पोखरेलको जोड थियो ।

पहिलो दिनको सुरुवाती सत्रमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव राजेन्द्र शर्मा, रेडक्रसका माधव उप्रेती र अक्फोर्ड पोलिसी म्यानेजमेन्टका दिनानाथ भण्डारीले पूर्वानुमान प्रणाली, पूर्व चेतावनी, पूर्वतयारीमा वित्तीयतालगायतका विषयमा प्रस्तुति राख्नुभयो ।

त्यसलगत्तै, पूर्वतयारीका लागि जोखिम निर्धारण, पूर्वानुमान र 'ट्रिगर्स' विषयक प्यानल छलफल भयो । जसमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव राजेन्द्र शर्मा, इसिमोडकी कार्यक्रम संयोजक मन्दिरा श्रेष्ठ र प्राक्टिकल एक्सनका डा. धरम उप्रेतीले आफ्ना धारणा राख्नुभएको थियो ।

संवाद कार्यक्रमका अपरान्हको पहिलो सत्रमा पूर्वकार्यहरुको पहिचान, यसमा नागरिकको सक्रिय संलग्नता, विपद् संवेदनशील सामाजिक सुरक्षा, नगद प्रवाहलगायतका विषयमा समूहगत छलफल गरिएको थियो जसमा कैलालीको जानकी गाउँपालिकाका अभ्यासहरुलाई नमूनाका रुपमा चर्चा गरिएको थियो ।

पहिलो दिनको अन्तिम सत्रमा पूर्वतयारीको वित्तीयता पक्षहरुमा खासगरी स्थानीय तथा प्रदेश तह, मानवीय क्षेत्रमा काम गरिरहेका संस्था तथा निजी क्षेत्रका तहहरुमा रहेका अवसरहरु खोज्ने प्रयास गरिएको थियो ।

राष्ट्रिय संवादको दोस्रो दिन विपद् संवेदनशील समाजिक सुरक्षाका विभिन्न पक्षहरुबारे प्यानल छलफल गरियो जसमा कैलालीको टिकापुर नगरपालिकाका विपद् सम्पर्क व्यक्ति निर्मला चौधरीले गत वर्ष गरिएको अभ्यासका अनुभवहरु राख्नुभएको थियो । प्यानल छलफलमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागका निर्देशक सागरमणि पाठक, युनिसेफका ठाकुर ढकाल, विश्व बैंकका ज्यासमिन राजभण्डारी, विश्व बैंकका नितेश श्रेष्ठ, मर्सि कोर्प्सका साजन न्यौपानेले आफ्ना विषयगत क्षेत्रका अनुभव तथा धारणा राख्नुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव अनिता निरौलाले विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धमा कार्यविधि तयार भइरहेको जानकारी दिँदै लाभग्राहीको प्रकृति निश्चित गर्ने, दोहोरोपन रोक्ने, तथ्यांकमा एकरुपता ल्याउने, वित्तीय स्रोतको सुनिश्चितता गर्ने लगायतका विषयहरुमा काम भईरहेको जानकारी दिनुभयो । उहाँले राष्ट्रिय संवादबाट प्राप्त हुने पृष्ठपोषणले कार्यविधि निर्माणमा योगदान गर्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

कार्यक्रमका उद्देश्यहरुका बारेमा जानकारी दिँदै नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेश ढकालले पूर्वानुमान सम्बन्धी विषयहरुमा आवश्यक पर्ने कार्यढाँचा तथा उपकरणहरुमा संवादबाट सुझाव तथा पृष्ठपोषण प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको थियो ।



कार्यक्रममा गृह मन्त्रालय, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अधिकारीहरु, विभिन्न स्थानीय तहका प्रतिनिधिका साथै मानवीय क्षेत्रमा काम गर्ने तीन दर्जनभन्दा बढी संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।